# नेपाल गजेट

## भाग ४

नेपाल सरकारद्धारा प्रकाशित

काठमाडौं चैत्र २७ गते २०१२ साल

### पब्लिक सर्भिस कमिशनको विज्ञापन नं. २८

पब्लिक वर्क्स तथा संचार मन्त्रालय अंतर्गत हवाइ विभागलाई ७ जना रेडियो टेक्निसियन र ७ जना रेडियो अपरेटरहरू चाहिएका छन् । योग्य नेपाली उमेदवारहरूले प. स. क. दरखास्त फाराम नं. १ (२०१०) मा भरी २०१३ साल ज्येष्ट १ गते रोज २ सम्ममा तलको ठेगानामा पुग्ने गरी दरखास्त दिनुहोला । दरखास्त फारामको नमूना प्रत्येक नेपाली हुलाक, गढी, गौंडा, गोस्वारामा पनि पाइने छ । दरखास्त साथ फी पठाउन पर्दैन ।

पदको विवरण यस प्रकार छः—

१, पद—रेडियो टेक्निसियन, रेडियो अपरेटर, स्थाई तथा पेन्सन पाउने ।

आधिकारिकता (मुद्रण) विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. आवश्यक न्युनतम योग्यता- सरकारबाट स्वीकृति पाएको कुनै इन्स्टिच्युशन-बाट रेडियो अपरेटरलाई रेडियो अपरेटरको सर्टिफिकेट र रेडियो टेक्नि-सियनलाई रेडियो टेक्निसियनको सर्टिफिकेट पाएको।

३. विशेष योग्यता— आफ्नो आफ्नो क्षेत्रमा प्राक्टिकल अनुभव प्राप्त गरेको हुनु पर्दछ।

४. उमेदवारले शुरुमा कुन ठाउँमा काम गर्नुपर्छ— गौचर हवाई अड्डामा र बिराट नगरमा बसी काम गर्नु पर्नेछ। त्यसमा कामको अनुकुल हेरी सरका-रले जुनसुकै अवस्थामा जुनसुकै ठाउँमा पनि खटाउन र पठाउन सक्नेछ।

५. मासिक तलब रु. ७०,१३० (काठमाडौंमा पर्नेलाई मो. रु. र बिराटन-गरमा पर्नेलाई कं. रु.)।

६. मासिक विशेष तलब वा भत्ता— महंगी भत्ता रु १३।५० र विशेष भत्ता रु. १७५०।

७. काम— अपरेटरले एरोनोटिकल कम्युनिकेशन विषयको काम गर्ने र टेक्निसि-यनले पनि सोहि विषयको टेक्निसियनको काम गर्ने।

आज्ञाले—

नरेन्द्रमणि आ. दी.,

मेम्बर पब्लिक सर्भिस कमिशन,

सिंहदरबार काठमाडौं, नेपाल,

गोरखापत्र छापाखानामा प्रकाशित मेनेजर, प्रेमराज शर्मा,

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।